# बिर्तामोड राजपत्र

बिर्तामोड नगरपालिका बिर्तामोड, झापाद्वारा प्रकाशित

खण्ड : १ मार्ग ३० गते २०७७ साल सङ्ख्या : ३

भाग - २

## बिर्तामोड नगरपालिका कृत्रिम गर्भाधान अनुदान कार्यक्रम कार्यान्यन कार्यविधि २०७७

प्रमाणिकरण मिति: २०७७।०८।३०

Scanned with CamScanner

*प्रस्तावना :*

पशु उत्पादन क्षेत्रको निर्वाहमुखी पशुपालनबाट व्यवसायिकरण गर्दै दुध र दुग्धजन्य पदार्थ एवम् मासुको उत्पादनको माध्यमबाट नगरपालिका क्षेत्र दुध र मासुमा आत्मनिर्भर बनाउन स्थानीय जातका पशुको नश्ल सुधार गर्नका लागि कृत्रिम गर्भाधान गर्न वाञ्छनिय भएकोले बिर्तामोड नगर शासकीय कार्य फछ्र्यौट ( कार्यविधि) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको हो ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>

(क) यो कार्यविधिको नाम: **बिर्तामोड नगरपालिका कृत्रिम गर्भाधान अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७** रहेको छ ।

यो कार्यविधि तत्काल लागू हुनेछ ।

२. <u>परिभाषा</u>

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **लाभान्वित वर्ग भन्नाले** : बिर्तामोड नगरपालिका क्षेत्रभित्र वसोवास गरी गाई भैंसी तथा बाखापालन गरी कृत्रिम गर्भाधान गराउने कृषकलाई सम्झनु पर्दछ ।

(ख) **अनुदान भन्नाले** : यस कार्यविधि बमोजिम पशुपालक कृषकलाई दिइने ५० प्रतिशत अनुदानलाई सम्झनु पर्दछ ।



Scanned with CamScanner

(ग) कृत्रिम गर्भाधान भन्नाले : पोथीजन्य पशुहरू (गाई, भैंसी र बाखा ) मा उन्नत जातको बीर्य तरल नाईट्रोजनमा राखी कृत्रिम तरिकाबाट गर्भाधान गराउने प्रविधिलाई सम्झनुपर्दछ ।

(घ) अनुगमन तथा प्राविधिक समिति : भन्नाले दफा ७ बमोजिमको समितिलाई सम्झनुपर्दछ ।

(ङ) शाखा भन्नाले : बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पशुपंक्षी तथा मत्स्य विकास शाखालाई सम्झनु पर्दछ ।

च) नगरपालिका भन्नाले : बिर्तामोड नगरपालिकालाई सम्झनु पर्दछ ।

३. उद्देश्य :

कृत्रिम गर्भाधान कार्यक्रमको उद्देश्य:

(क) पशुपालक कृषक तथा ब्यवसायीहरूलाई कृत्रिम गर्भाधानको लागि पचास प्रतिशत अनुदान उपलब्ध गराउने

(ख) नगरपालिका क्षेत्रभित्रका पशुहरू उन्नत तथा उत्पादनमूलक नश्लमा काम गर्दै जाने ।

(ग) नगरपालिका क्षेत्रभित्र कृत्रिम गर्भाधान शुलभ र मूल्यमा एकरूपता कायम गर्ने ।

(घ) नगरपालिका क्षेत्रभित्र रहेका कृत्रिम गर्भाधानकर्ता पशुपालक व्यवसायीहरूलाई जागरुक बनाई राख्ने ।



Scanned with CamScanner

(ङ) पशु हाडनाता (Inbreeding) नश्लवाट हुने बिकृति रोक्ने ।

(च) नगरपालिका क्षेत्रभित्र स्वस्थ दुध तथा मासु उत्पादनमा बृद्धी गर्ने ।

(छ) लक्षित वर्गसम्म सर्वसुलभ सेवा दिई गाई, भैंसी तथा बाखापालन ब्यबसायमा आधुनिक प्रविधिको प्रयोग मार्फत बढी प्रतिस्पर्धी बनाउने ।

(ज) पशु बाँझोपना र उल्टिरहने समस्या समाधान गर्ने ।

४. <u>कार्यक्रम कार्यान्वयन :</u>

यो कार्यक्रम दफा ५ बमोजिमको नगर कृषि विकास समितिसँगको समन्वय एवम् परामर्शमा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(क) यो कार्यक्रम नगरपालिका क्षेत्रभित्र मात्र संचालन गरिनेछ ।

(ख) नगरपालिका क्षेत्रभित्र रहेका कृयाशिल कृत्रिम गर्भाधानकर्ताको सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) नगरपालिकाभित्र रहेका कृत्रिम गर्भाधानकर्ता कृत्रिम गर्भाधान गराउन असमर्थ भएमा नयाँ प्राबिधिकलाई कृत्रिम गर्भाधान सम्बन्धी तालिम दिई तालिमप्राप्त ब्यक्तिबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) शाखाका कर्मचारीबाट गराउन परेमा कार्यालयको कामलाई बाधा नपर्ने गरी गरिनेछ ।



Scanned with CamScanner

(ङ) दोहोरिएको अवस्थामा पशुपालक कृषकहरूले बढिमा २ पटकसम्म यो सुविधाप्राप्त गर्न सक्नेछन् ।

(च) अनुदान कार्यक्रममा गाई, भैसी र बाखामा मात्र लागू हुनेछ ।

(छ) कार्यक्रममा सहभागी हुनका लागि अन्य कार्यक्रम संचालन गर्दाको आचरण राम्रो भएको हुनुपर्नेछ ।

(ज) नगरपालिका क्षेत्रभित्र स्थायी बसोवास गर्ने योग्यता पुगी नश्ल सुधार तालिममा सहभागी भई प्रमाणपत्र हासिल गरेका पशु स्वास्थ्य प्राविधिकहरू यस कार्यक्रममा सहभागिताका लागि योग्य मानिनेछन् । यस वाहेक अन्य विषयमा नगर कृषि विकास समितिको निर्णयबाट गरिनेछ ।

(झ) पशुपंक्षी तथा मत्स्य विकास शाखाले यो कार्यक्रम लागू भइसकेपछि योग्यता पुगेका पशु स्वास्थ्यकर्मीलाई कार्यक्रममा सहभागिताका लागि दर्ता हुन सूचना गर्नेछ र उक्त सूचनाका आधारमा दर्ता हुने प्राविधिकलाई मात्र यस कार्यक्रममा सहभागी गराइनेछ ।

(ञ) कृत्रिम गर्भाधान कार्यक्रममा भाग लिने Inseminator ले आफ्नो बायोडाटा र तालिमको प्रमाणपत्र पशुपंक्षी तथा मत्स्य विकास शाखामा पेश गर्नुपर्नेछ ।

(ट) कृत्रिम गर्भाधान कार्यक्रममा भाग लिने Inseminator ले बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको सेवाशर्तनामा तथा यस कार्यविधि अनुसार गर्न मञ्जुर भएमा मात्र सम्झौता गरिनेछ ।



Scanned with CamScanner

(ठ) कृत्रिम गर्भाधानकर्ता Inseminator ले कृत्रिम गर्भाधान कार्ड र बील अनिबार्य रूपमा सेवाग्राही कृषकलाई दिनुपर्नेछ ।

(ड) कृत्रिम गर्भाधान कार्यक्रममा भाग लिने कृषकहरूले समयमै नजिकको INSEMINATOR लाई जानकारी गराउनु पर्नेछ ।

(ढ) कृत्रिम गर्भाधान कार्यक्रममा भाग लिने कृषकहरूले कृत्रिम गर्भाधान गरे वापत कृत्रिम गर्भाधानकर्तालाई रु २५०।- र कृषकले नगरपालिकाबाट प्राप्त गर्ने ५०% अनुदान रकम बराबर रु.२५०।- कृत्रिम गर्भाधान रेकर्ड कार्डको आधारमा सहभागी प्राविधिकलाई नगरपालिकाको कार्यालयले शाखाको सिफारिसका आधारमा भुक्तानी दिइनेछ ।

(ण) कृत्रिम गर्भाधानकर्ताले कृत्रिम गर्भाधान रेकर्ड हरेक ३० दिनभित्र सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ र शाखाले दिएको कृत्रिम गर्भाधान कार्डको सम्पूर्ण विवरण भरेको हुनुपर्नेछ ।

(त) नगरपालिकाबाट पाउने अनुदान रकम प्रति गोठ तथा भकारो सुधारमा अनुदान पाउने कृषकले अर्गानिक तरकारी खेती गर्नुपर्नेछ ।

(थ) प्रत्येक वडाले यो सुबिधाको बारेमा आफ्ना पशुपालक कृषकहरूमाझ टोल विकास समिति मार्फत जानकारी गराउनुपर्नेछ ।

५. <u>नगर कृषि विकास समिति :</u>



Scanned with CamScanner

(१) कृत्रिम गर्भाधान कार्यक्रम कार्यान्वयनमा समन्वय गर्न निम्न अनुसारको नगर कृषिविकास समिति हुनेछ।

(क) नगर उपप्रमुख संयोजक

(ख) नगर कार्यपालिका सदस्यहरू मध्येबाट कम्तिमा एकजना महिला सहित नगर प्रमुखले तोकेको ३ जना सदस्य

(ग)प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक सदस्य

(ङ) पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख सदस्य सचिव

(२) यस कार्यविधि बमोजिम गठन भएको नगर कृषि विकास समितिले नगरपालिका क्षेत्रभित्र पशुपालक व्यवसायीहरूको तथ्याङ्क संकलन गरी अद्यावधिक रूपमा पशुपंक्षि तथा मत्स्य विकास शाखामा राख्न लगाउने।

(३) कृत्रिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रम कार्यान्वयनका लागि पशुपालक कृषकहरूमा आवश्यक जनचेतना अभिबृद्धि गर्ने।

(४) कार्यक्रममा सहभागी हुन चाहने पशुपालक कृषकहरूको तथ्याङ्क संकलन गराउने।

(५) दफा ४ बमोजिम कार्यक्रम कार्यान्वयनको लागि समन्वय गर्ने।

(६) कार्यक्रम कार्यान्वयन प्रभावकारी बनाउन सरोकारवालासँग समन्वय गर्ने।



Scanned with CamScanner

## ६. अनुगमन तथा प्राविधिक समिति :

कार्यक्रमको अनुगमन गर्न र कार्यक्रममा प्राविधिक रेखदेख एवम् सहयोग र समन्वय गर्नका लागि तपशील बमोजिमको एक समिति रहनेछ ।

संयोजक : पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख

सदस्य : पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुखले तोकेको शाखाको कर्मचारी

सदस्य : नगर कृषि विकास समितिले तोकेको समितिको सदस्य

## ७. अनुगमन तथा मूल्याङ्कन

(क) कृत्रिम गर्भाधानकर्ताहरूले बुझाएको रिपोर्टका आधारमा पशुपालक कृषकसँग सम्पर्क गरी कृत्रिम गर्भाधानको बारेमा बुझी रिपोर्ट तयार गर्ने ।

(ख) यस कार्यविधिले बनाएको प्राविधिक समिति र नगर कृषि विकास समितिको समन्वयमा प्रत्येक ३/३ महिनामा कृषकहरूको घरदैलोमा गएर नमुना पशुवस्तुको गर्भ परीक्षण गर्ने ।

(ग) नगर कृषि विकास समितिको वैठकमा कृत्रिम गर्भाधान प्रतिवेदन शाखाको तर्फवाट पेश गर्नुपर्नेछ ।

(घ) वार्षिक रूपमा कृत्रिम गर्भाधान कर्ताबाट एकजना उत्कृष्ट कृत्रिम गर्भाधानकर्ता छनौट गरि पुरस्कृत गरिनेछ । यसका लागि सम्बन्धित शाखाले मूल्याङ्कनको आधार तयार गर्नेछ ।



Scanned with CamScanner

उल्लेखित बुँदाहरूको आधारमा अनुगमन तथा प्राविधिक समितिले स्थलगत अनुगमन, टेलिफोनबाट जानकारी लिएर प्राविधिक प्रतिवेदन कृत्रिम गर्भाधान रिपोर्ट तयार गरी पशुपंक्षी तथा मत्स्य विकास शाखा, नगर कृषि विकास समितिमा पेश गरिसकेपछि बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाले कार्यक्रमको सम्झौता अनुसार बिर्तामोड नगरपालिकाको कार्यालयमा कृत्रिम गर्भाधानकर्तालाई भुक्तानीको लागि सिफारिस दिईनेछ ।

८. संशोधन र खारेजी :
यो कार्यबिधिको आवश्यकता अनुसार संशोधन र खारेज गर्ने सर्वाधिकार कार्यपालिकामा निहित रहनेछ ।

९. बचाउ :
यो कार्यविधि लागू हुनुभन्दा पहिले कृत्रिम गर्भाधान सम्बन्धी भए गरेका काम कार्वाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner